# नेपाल चार्टर्ड एकाउन्टेन्ट्स् संस्था
# एक बर्षे चार्टर्ड इन्टर्नशीप कार्यबिधि, २०७१
# (दोस्रो संशोधन, २०७७ सहित)

**प्रस्तावना**

विदेशी लेखाव्यवसायी संस्थाबाट चार्टर्ड एकाउन्टेन्सी वा सो सरहको परीक्षा उत्तीर्ण गरेका व्यक्तिहरुलाई नेपालमा काम गर्नको लागि नेपालको लेखाव्यवसाय, लेखापरीक्षण गर्नु पर्ने निकायहरु, नेपालको ऐन नियमहरु, विभिन्न नियमनकारी निकायहरुले जारी गरेका निर्देशिकाहरु आदिको सम्बन्धमा व्यवहारिक ज्ञान आवश्यक रहेको देखिएको र नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ को नियम ४१क मा त्यस्ता व्यक्तिले सदस्यता वा पेशागत प्रमाणपत्र प्राप्त गर्नको लागि परिषदले तोके बमोजिम इन्टर्नसीप पुरा गर्नुपर्ने व्यवस्था भएकोमा सदस्यता प्राप्त गर्ने प्रयोजनको लागि नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ को दफा २६ बमोजिम हुने र त्यस्ता व्यक्तिहरुको लागि यस संस्थाको [२]**सदस्यता प्राप्त गरिसकेपछि पेशागत प्रमाणपत्र प्राप्त गर्नको लागि** पेशागत प्रमाणपत्र प्राप्त गर्नु भन्दापूर्व इन्टर्नसीप (Internship) गराउन वान्छनीय हुने देखिएकोले सो प्रकृयालाई नियमित तथा व्यवस्थित गर्नका लागि नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ को दफा ११(य) तथा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ को नियम ४१क को उपदफा (२) बमोजिम परिषदले यो कार्यविधि पारित गरि जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ**

१) यो कार्यबिधिको नाम [१]**नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था एक वर्षे चार्टर्ड इन्टर्नसिप कार्यविधि, २०७१** रहेको छ ।

२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा,

(क) "ऐन" भन्नाले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ सम्झनु पर्दछ ।

(ख) "नियमावली" भन्नाले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ सम्झनु पर्दछ ।

(ग) "संस्था" भन्नाले ऐनको दफा ३ बमोजिम स्थापित नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थालाई सम्झनु पर्दछ ।

(घ) "परिषद" भन्नाले ऐनको दफा ७ अन्तर्गत गठन भएको संस्थाको परिषदलाई सम्झनु पर्दछ ।

(ङ) "अन्य व्यक्ति" भन्नाले संस्थाको सदस्य बाहेकका अन्य व्यक्तिलाई सम्झनु पर्दछ ।

**(च) [१]"चार्टर्ड इन्टर्न" भन्नाले बिदेशी लेखाव्यवसायी संस्थाबाट चार्टर्ड एकाउन्टेन्सी वा सो सरहको परीक्षा उत्तीर्ण गरि विदेशी लेखाव्यवसायी संस्थाको सदस्यता प्राप्त गरि ऐन तथा नियमावली बमोजिम संस्थाको सदस्यता प्राप्त गरी यस कार्यविधि अनुसार इर्न्टनशीप गर्नुपर्ने व्यक्ति सम्झनु पर्छ ।**

---

१ पहिलो संशोधन, २०७५
२ दोस्रो संशोधन, २०७७

**३. इन्टर्नसीप लिनु पर्ने**

**(१) [२] विदेशी लेखाव्यवसायी संस्थावाट चार्टर्ड एकाउन्टेन्सी वा सो सरहको परिक्षा उत्तीर्ण गरेको, आवश्यक तालिम लिएको र विदेशी लेखाव्यवसायी संस्थाको सदस्यता प्राप्त गरी संस्थाबाट सदस्यता प्राप्त गरेको व्यक्तिले संस्थाको पेशागत प्रमाणपत्र प्राप्त गर्न चाहेमा विद्यमान व्यवस्थासहित चार्टर्ड एकाउन्टेन्सी फर्ममा संस्थाको पेशागत प्रमाणपत्र प्राप्त चार्टर्ड एकाउन्टेन्टको मातहतमा रही कम्तीमा एक वर्षको लागि इन्टर्नसीप लिनु पर्नेछ ।**

(२) उप कार्यबिधि (१) बमोजिम इन्टर्नसीप लिनु पर्ने व्यक्तिले इन्टर्नसीपको लागि संस्थाको चार्टर्ड एकाउन्टेन्ट सदस्यसंग अनुसूची १ बमोजिमको ढांचामा सम्झौता गर्नुपर्नेछ ।

(३) संस्थाले **चार्टर्ड इन्टर्न**को अभिलेख अनुसूची २ बमोजिमको ढांचाको दर्ता किताबमा राख्नु पर्नेछ ।

**(४) [१]उप कार्यविधि (१) बमोजिम इन्टर्नसीप लिनुपर्ने व्यक्तिले उपकार्यविधि (२) बमोजिम भएको सम्झौताको प्रतिलिपी त्यस्तो सम्झौता भएको मितिले एक महिनाभित्र संस्थामा पेश गर्नु पर्नेछ ।**

**४. [१] चार्टर्ड इन्टर्न राख्न पाइने सीमा**

**कार्यविधि ३ बमोजिम चार्टर्ड इन्टर्नलाई प्रशिक्षण दिन पाउने लेखाव्यवसायमा संलग्न भई देहायको अवधि पूरा गरेका मूल प्रशिक्षकले एक पटकमा देहायको संख्या सम्म चार्टर्ड इन्टर्न प्रशिक्षण सेवामा राखन सक्नेछ :**

| | |
|---|---|
| **(क) तीन वर्षको अवधि पूरा भएकोमा** | **- एक जनासम्म** |
| **(ख) पाँच वर्षको अवधि पूरा भएकोमा** | **- दुई जनासम्म** |
| **(ग) सात वर्षको अवधि पूरा भएकोमा** | **- तीन जनासम्म** |
| **(घ) दश वर्षको अवधि पूरा भएकोमा** | **- चार जनासम्म** |
| **(ङ) पन्ध्र वर्षको वा सो भन्दा बढी अवधि पूरा भएकोमा** | **- पाँच जनासम्म** |

**५. चार्टर्ड इन्टर्न भत्ता**

कार्यबिधि ३ को उपकार्यबिधि (२) बमोजिम सम्झौता भई तालिममा रहेका **चार्टर्ड इन्टर्न**लाई हरेक महिना इन्टर्नसिप भत्ता स्वरुप पारिश्रमिक दिनूपर्नेछ । इन्टर्नसिपको भत्ता तालिम दिने संस्था र **चार्टर्ड इन्टर्न**को आपसी सहमतिमा निर्धारण गरिनेछ ।

**६. चार्टर्ड इन्टर्न सेवा सम्पन्न प्रमाणपत्र**

(१) **चार्टर्ड इन्टर्न**ले इन्टर्नसिप पुरा गरे पछि मूल प्रशिक्षकले अनुसूची ३ को ढांचामा संस्थालाई सो कुराको जानकारी गराउनु पर्नेछ ।

(२) उपकार्यबिधि (१) बमोजिमको जानकारी प्राप्त भएपछि सोको आधारमा संस्थाबाट अनुसूची ४ बमोजिमको ढांचामा **चार्टर्ड इन्टर्न** सम्पन्न प्रमाणपत्र जारी हुनेछ ।

**७. जानकारी गराउनु पर्ने**

इन्टर्नसिपको सम्झौताको अवधि पूरा नहुँदै कुनै प्रशिक्षकको मृत्यु भएमा वा निजले लेखाव्यवसाय त्यागेमा वा अन्य कुनै कारणले निजले प्रशिक्षण दिन नसक्ने भएमा निजले तीस दिनभित्र अनुसूची ५ बमोजिमको ढांचामा प्रशिक्षण सम्बन्धी विवरणको जानकारी संस्थालाई गराउनु पर्नेछ ।